**प्र.मं.प.बै.सं. २३/२०७६**

**२०७६ साल मंसिर २७ गते शुक्रबार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य ब्यहोरा निम्नबमोजिम छन् -**

१. **आर्थिक मामिला तथा योजना मन्त्रालयः -** विज्ञापन कर नियमावली, २०७६ स्वीकृत गर्ने ।

२. **उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयः -** वातावरण संरक्षण अध्यादेश, २०७६ को अवधारणापत्रमा सैद्धान्तिक स्वीकृति प्रदान गर्ने।

३. **उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयः -** प्रदेशमा रहेका १२ वटा जिल्लाहरुलाई समेट्ने गरी देहाय बमोजिमको स्थानमा चालु आ.व. २०७६/७७ को लागि अस्थायी रुपमा पर्यटन डिभिजन कार्यालय स्थापना र सञ्चालन गर्ने।

| **क्र.सं.** | **कार्यालयको नाम** | **कार्यालय रहने स्थान** | **कार्यक्षेत्रका जिल्ला** |
|---|---|---|---|
| १ | पर्यटन डिभिजन कार्यालय रुपन्देही | रुपन्देही | नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रुपन्देही, पाल्पा, गुल्मी, अर्घाखाँची र कपिलवस्तु |
| २ | पर्यटन डिभिजन कार्यालय बाँके | बाँके | बाँके, बर्दिया, दाङ, प्यूठान, रोल्पा र रुकुमपूर्व |

४. **सामाजिक विकास मन्त्रालः -** प्रदेश नं. ५ अन्तर्गतका अस्पतालहरुमा विकास समितिका अध्यक्ष र महिला सदस्य मनोनयन गर्ने।